# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु श्री राजनारायण माध्यमिक विद्यालयका प्रधानाध्यापक रेशमराज कँडेल भन्ने रेशमराज कण्डेल समेत ३ जना मु.नं (०८१-CR-००५५)<br>फैसला मिति **२०८२/०१/०९** | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **प्रतिवादीहरू रेशम राज कण्डेल,सुरेश गुप्ता र सुरेन्द्र प्रसाद कहार(गौड) भन्ने सुरेन्द्र कहारलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.६५,०००।-(अक्षरेपि पैसट्ठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन तथा निज प्रतिवादीहरबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु मध्येका रेशमराज कण्डेल र सुरेन्द्र कहारले आरोपदावी बमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिंदा निज प्रतिवादीहरु रेशमराज कंडेल भन्ने रेशमराज कण्डेल र सुरेन्द्र कहारलाई सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम जनही कैद ३ (तीन) महिना कैद र सोही दफा ३ को उपदफा (१) बमोजिम बरामदीत बिगो रु.६५,०००।—(पैंसठ्ठी हजार रुपैयाँ) को दामासाहीले हुने जनही रु.३२,५००।—(बत्तीस हजार पाँच सय रुपैयाँ) जरिवाना हुने र निज प्रतिवादीहरुबाट अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ बमोजिम जनही रु.१,३००।— (एक हजार तीन सय रुपैयाँ) पीडित राहत कोषमा भराई दिन र अर्का प्रतिवादी सुरेश गुप्ताले आरोपदावीबाट सफाई पाउने ठहर गरी विशेष अदालत,काठमाडौबाट फैसला भएको अवस्था छ। | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरु रेशमराज कण्डेल र सुरेन्द्र कहारले आरोपदावी बमोजिमको कसुर गरेको देखिंदा बरामदीत बिगो रु.६५,०००।—(पैंसठ्ठी हजार रुपैयाँ) को दामासाहीले हुने जनही रु.३२,५००।— (बत्तीस हजार पाँच सय रुपैयाँ) जरिवाना हुने र सोही बमोजिम ३ महिना कैद सजाय हुने ठहर्छ।<br>• प्रतिवादी सुरेश गुप्ता उपर नाम किटान गरी उजुरी दिएको नदेखिएको,उजुरीकर्ताले अदालत समक्ष बकपत्र गर्दा समेत पोल गरेको नदेखिएको र निजलाई घुस वापतको रकमबारे पूर्व जानकारी पाएका थिए भन्ने तथ्य समेत मिसिल संलग्न प्रमाणहरुबाट स्थापित हुन नसकेको। | • जिल्ला नवलपरासी(ब.सु.प.), पाल्हीनन्दन गाउँपालिका वडा नं.५ स्थित श्री राजनारायण माध्यमिक विद्यालयको भवन निर्माण पश्चात रु.१४,५१,७५६।२१(अक्षरेपि चौध लाख एकाउन्न हजार सात सय छपन्न रुपैया एक्काइस पैसा) भुक्तानीको लागि विद्यालयका प्रधानाध्यापक रेशम राज कण्डेल, विद्यालय सहायक(लेखापाल) सुरेश गुप्ता र विद्यालय व्यवस्थापन समिति सदस्य सुरेन्द्र कहारसमेतको आपसी मिलोमतो तथा योजनामा ब्लु बिल्डर्स कन्स्ट्रक्सन प्रा.लि.का सञ्चालक शुभम यादवसँग उक्त भुक्तानी हुने रकमको करिव ५% ले हुन आउने रकम रु.७०,०००।—(अक्षरेपि सत्तरी हजार) घुस रिसवतबाट बार्गेनिङ शुरु गरी रु.६५,०००।—(अक्षरेपि पैसट्ठी हजार) मा सहमत भई श्री राजनारायण माध्यमिक विद्यालयको प्रधानाध्यापक रेशम राज कण्डेलको कार्य कक्षमा प्रतिवादीहरु सुरेश गुप्ता र सुरेन्द्र कहार साथ सँग रहे भएको अवस्थामा उजुरी निवेदक शुभम यादववाट प्रतिवादीहरुले उक्त घुस रिसवत रकम रु.६५,०००।—(अक्षरेपी पैसट्ठी हजार) लिए पश्चात प्रतिवादीहरु रेशम राज कण्डेल र सुरेश गुप्ताको संयुक्त दस्तखत भएको नेपाल बैङ्क लि.को रु.१४,५१,७५६।२१(अक्षरेपि चौध लाख एकाउन्न हजार सात सय छपन्न रुपैया एक्काइस पैसा) रकम उल्लेखित चेक विद्यालयको प्रधानाध्यापक प्रतिवादीहरु रेशम राज कण्डेलले विद्यालय सहायक(लेखापाल) सुरेश गुप्ता र विद्यालय व्यवस्थापन समिति सदस्य सुरेन्द्र कहारको सामुन्नेमा उजुरी निवेदक शुभम यादवलाई दिएको र सोही रकम बरामद भएको तथ्य मिसिल संलग्न उजुरी, खानतलासी/बरामदी मुचुल्का एवं बरामद भएका दशी प्रमाणहरु, प्रहरी निरीक्षक दिवाकर रिजाल समेतलाई खटाई पठाइएको पत्र तथा निजसमेतले पेस गरेको प्रतिवेदन, ब्लु बिल्डर्स कन्स्ट्रक्सन प्रा.लि.का सञ्चालक तथा निवेदक शुभम यादवले निवेदनसाथ पेस गरेको श्रव्य/दृश्य रेकर्ड सहितको सि.डि./डि.भि.डि., पाल्हीनन्दन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गेरमीको प्रतिक्रिया तथा प्राप्त कागजातहरु, डिजिटल फरेन्सिक युनिटको मोबाइल परीक्षण प्रतिवेदनहरु, Call Detail Record(CDR) विवरण, डिजिटल फरेन्सिक युनिटको श्रव्य दृष्य छेडखानी (Intact) सम्बन्धी परीक्षण प्रतिवेदन, नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, लाजिम्पाट, काठमाडौको स्वर परीक्षण(VSA) प्रतिवेदन, प्रतिवादीहरू रेशम राज कण्डेल, सुरेश गुप्ता र सुरेन्द्र कहारले पोलिग्राफ परीक्षण गर्न इन्कार गरेको बेहोराको मुचुल्का/कागज, प्रतिवादीहरू रेशम राज कण्डेल, सुरेश गुप्ता र सुरेन्द्र कहार तथा निवेदक शुभम यादवले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, घुस रिसवत वार्तालापको स्क्रिप्ट राईटिङ्ग, पाल्हीनन्दन गाउँपालिका, वडा नं.५ का वडा अध्यक्ष दयाशंकर त्रिपाठी, जिल्ला प्रहरी कार्यालय, नवलपरासी(ब.सु.प.)मा कार्यरत प्रहरी नायव निरीक्षक महेश कुँवर, श्री राजनारायण माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष शम्भु प्रसाद गुप्ता, विद्यालय व्यवस्थापन समितिका सदस्य छोटेलाल अहिर, शिक्षक संजय सहानी र उजुरी निवेदक शुभम यादवको भाइ रोहन यादवसमेतले छुट्टाछुट्टै गरेको घटना विवरण कागज समेतवाट स्थापित भई उक्त भ्रष्टाचारजन्य कसूरमा यि तिनै जना प्रतिवादीहरुको सामुहिक संलग्नता रहेको तथ्य पुष्टि हुदाँ हुदै प्रतिवादीहरू रेशम राज कण्डेल, र सुरेन्द्र कहारलाई मात्र कसूर ठहर गरि प्रतिवादी सुरेश गुप्तालाई सफाई दिई भएको फैसला फौजदारी कानूनका स्थापित मुल्य मान्यता विपरित रही नमिलेकोले बदर भागी छ।<br>• उजुरवालाले श्री राजनारायण माध्यमिक विद्यालय पाल्हिनन्दन गाउँपालिका वडा नं.५ गेरमीको विद्यालय भवन निर्माण सम्पन्न गरी नियमानुसार बिल भुक्तानी लिने क्रममा उक्त **विद्यालय व्यवस्थापन समितिका सदस्य सुरेन्द्र प्रसाद कहार (गौड) र विद्यालयका प्रधानाध्यापक रेशमराज कण्डेलले** पटक-पटक दुःख हैरानी दिई उक्त बिल भुक्तानी गर्ने प्रयोजनार्थ **घुस रिसवत** बापत रु.७०,०००।–(अक्षरेपी सत्तरी हजार) माग गरेको भन्ने समेत बेहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आयोगको कार्यालय, बुटवलका प्रहरी निरीक्षक दिवाकर रिजालसमेत स्थलगत खटि गएकोमा मिति २०८१।०९।२४ जिल्ला नवलपरासी, पाल्हीनन्दन गाउँपालिका वडा नं.५ गेरमी स्थित पूर्वमा पचपेडा चोकदेखि गेरमी तर्फजाने पक्की सडक, पश्चिममा प्रलाद हरिज्यको खेत, उत्तरमा शंकर चौधरीको खेत, दक्षिणमा विष्णुपुरा छोटी भन्सार जाने पक्की सडक, यति चार किल्ला भित्र रहेको श्री राजनारायण माध्यमिक विद्यालयको पश्चिम मोहडा हुने गरी बनेको २ तले पहेलो सेतो रङ्गको कार्यालय भवनको बीच गल्ली हुँदै पहिलो तलामा रहेको प्रधानाध्यापकको प्रशासनिक कोठाभित्र पाटेशन गरी बनाएको पश्चिम दक्षिण किनारमा रहेको विद्यालय सहायक (लेखापाल) सुरेश गुप्ताको कार्यकक्षको टेबलमाथि प्रिन्टरको छेउमा रु.१,०००।–(अक्षरेपि एक हजार) दरका नोट थान-५०(पचास) को जम्मा रु.५०,०००।–(अक्षरेपि पचास हजार) फेला परेको र सोही कार्यकक्षमा कुर्सीमा बसि रहेका विद्यालय व्यवस्थापन समिति सदस्य सुरेन्द्र कहारले लगाएको कालो खैरो बीचमा रातो धर्का सहितको ज्याकेटको दायाँ गोजीमा रु.१,०००।-(अक्षरेपि एक हजार) दरका नोटहरू थान-१५(पन्ध्र) को जम्मा रु.१५,०००।–(अक्षरेपि पन्ध्र हजार) समेत गरी जम्मा रु.६५,०००।–(अक्षरेपि पैसट्ठी हजार) फेला पारेको र INFINIX कम्पनीको फिक्का नीलो रङ्गको मोबाइल नं.९८४४७८८२८० र ९८१६४३३२६४ को सिम सहितको मोबाईल थान-१(एक) र OPPO लेखेको रातो रङ्गको मोबाइल नं.९८४७५२२९०८ को सिम सहितको मोबाइल थान-१(एक) समेतका दशी प्रमाण सहित प्रतिवादी सुरेश गुप्ता र सुरेन्द्र कहारलाई नियन्त्रणमा लिएको तथ्य मौकाको खानतलासी/बरामदी मुचुल्का एवं प्रतिवेदक दिवाकर रिजाल समेतले गरेको बकपत्रवाट पुष्टि भई रहेको अवस्थामा उक्त बकपत्र लगायतका प्रमाणलाई प्रमाण ऐन २०३१को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरि फैसला हुनु पर्नेमा र यि प्रतिवादी सुरेश गुप्ता समेतको संलग्नता देखिदा देखिँदै आफ्नो कार्यकक्षको टेबलमाथि प्रिन्टरको छेउमा रु.१,०००।–(अक्षरेपि एक हजार) दरका नोट थान-५०(पचास) को जम्मा रु.५०,०००।–(अक्षरेपि पचास हजार) फेला परेका विद्यालय सहायक (लेखापाल) सुरेश गुप्तालाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• प्रतिवादी **रेशमराज कण्डेल** श्री राजनारायण माध्यमिक विद्यालय पाल्हिनन्दन गाउँपालिका वडा नं.५ गेरमीको **प्रधानाध्यापक, प्रतिवादी सुरेन्द्र कहार सोही** विद्यालयको व्यवस्थापन समितिका सदस्य र प्रतिवादी सुरेश गुप्ता सोही विधालयको सहायक लेखापाल पदमा कार्यरत रहेको देखिदा यि प्रतिवादीहरुले ओहदाको दुरुपयोग (Abuse of public Authority) गरेको देखिन्छ । उजुरवालाले उक्त विधालय भवन निर्माण सम्पन्न गरी नियमानुसार बिल भुक्तानी लिने क्रममा उक्त विद्यालयका व्यवस्थापन समितिका सदस्य सुरेन्द्र प्रसाद कहार (गौड) र विद्यालयका प्रधानाध्यापक रेशमराज कण्डेलले उक्त बिल भुक्तानी गर्ने प्रयोजनार्थ घुस रिसवतको मोल/मोलाई गरी रु.६५,०००।-(अक्षरेपी पैसट्ठी हजार) लिए पछी मात्र प्रधानाध्यापक प्रतिवादी रेशम राज कण्डेल र सहायक लेखापाल सुरेश गुप्ताको संयुक्त दस्तखत भएको नेपाल बैङ्क लि.को रु.१४,५१,७५६।२१(अक्षरेपि चौध लाख एकाउन्न हजार सात सय छपन्न रुपैया एक्काइस पैसा) रकम को चेक उजुरवालालाई दिएको देखिदा प्रतिवादीहरुले घुस रिसवत Demand\offer\Acceptance गरेको देखिन्छ। उजुरवालावाट प्रतिवादीहरुले Malafide intention राखी Undue Advantage प्राप्त गरेको देखिन्छ। प्रतिवादीहरुले अनुचित लाभ लिनको लागी सरकारी कामको सट्टामा फाइदा (Quid pro Quo) को शर्त राखी सो अनुसार घुसरिसवत लिई उक्त रकम समेत वरामद (Recovery) भएको देखिदा यि प्रतिवादीहरु रेशमराज कण्डेल, सुरेश गुप्ता र सुरेन्द्र कहारलाई आरोप दावी बमोजिम बिगो रु.६५,०००/- बमोजिम जनही जरिवाना र कैद सजाय गर्नु पर्नेमा प्रतिवादीहरु रेशमराज कण्डेल र सुरेन्द्र प्रसाद कहारलाई उल्लिखित बिगोलाई दामासाही गरी जनही रु.३२,५००/- जरिवाना र जनही ३ महिना कैद सजाय हुने र अर्का प्रतिवादी सरेश गुप्तालाई सफाई हुने ठहर गरि भएको फैसला फौजदारी कानूनको Strict Interpretation Rule को विपरित भै बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • अतः माथि विवेचित प्रमाण कागजहरुको आधारमा विशेष अदालतवाट भएको उक्त फैसला बदर गरि प्रतिवादीहरु रेशमराज कण्डेल, सुरेश गुप्ता र सुरेन्द्र कहारलाई आरोपदावी बमोजिम बिगो रु.६५,०००।— बमोजिम जनही  कैद र जरिवाना सजाय गरि गरिपाउँन सादर अनुरोध छ। |